# नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

## शाखा अधिकृत (विद्यालय निरीक्षक) श्यामला पौडेललाई सेवाबाट हटाउने सम्बन्धी सूचना

**(दोस्रो पटक प्रकाशित मितिः २०८२/१२/१७)**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको स्वीकृत संगठन संरचना अन्तर्गत नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूह रा.प. तृतीय श्रेणी शाखा अधिकृत (विद्यालय निरीक्षक) पदमा कार्यरत तपाई श्यामला पौडेल (क.सं.नं. १९४०८४) मिति २०७७/०५/०३ को निर्णयानुसार मिति २०७७/०५/११ सम्म असाधारण विदा स्वीकृत गराई बिदामा रहनुभएकोमा असाधारण बिदा समाप्ति मिति २०७७/०५/१२ गते पश्चात पनि नब्बे दिन भन्दा बढी अवधि देखि केन्द्रमा हाजिर हुनुभएको नदेखिएकाले निजामती सेवा ऐन, २०४९ को दफा ६१ को १ (छ) अनुसार भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट किन नहटाउने हो ? सफाई र स्पष्टीकरण यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र पेश गर्नुहुन, निजामती सेवा ऐन, २०४९ को दफा ६६ (१) र निजामती सेवा नियमावली, २०५० को दफा ११० (क) बमोजिम मिति २०८२/९/१७ गते गोरखापत्र दैनिकमा पन्ध्र दिने सूचना प्रकाशित गरिएकोमा निजामती सेवा ऐन, २०४९ को दफा ६६ को प्रावधान अनुसारको समयभित्र सफाइ तथा स्पष्टिकरण पेश हुन आएको नदेखिएकोले सोही ऐनको दफा ६७ को प्रयोजन दफा ५९(ख) (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी किन नहटाउने हो? सफाइ र स्पष्टिकरण ३० (तीस) दिन भित्र पेश गर्नुहुनु निजामती सेवा नियमावली २०५० को नियम ११० (ख) बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

इमेलः administration.sec@moest.gov.np वेबसाइटः https://moest.gov.np/